ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

# प्रेश विज्ञप्ती

## एशियन लाईफ इन्स्योरेन्स र एनआईबिएल एस क्यापिटल बीच हकप्रद शेयर निष्काशन सम्झौता

एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.को १० औं वार्षिक साधारण सभाबाट पारित १० बराबर ६ शेयरको अनुपातमा रु. ७५ करोड ४० लाख बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंलाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्ति गरेको छ। उक्त सम्झौता–पत्रमा कम्पनीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री राजेश कुमार श्रेष्ठ तथा एनआईबिएल एस क्यापिटलको तर्फबाट महाप्रबन्धक श्री मेखबहादुर थापाले हस्ताक्षर गर्नु भएको छ । कम्पनीले प्रतिशेयर रु.१००/– दरको ७५ लाख ४० हजार बराबर कित्ता हकप्रद शेयर निष्कासन गर्न लागेको छ र हकप्रद शेयर निष्काशन गरे पश्चात कम्पनीको कुल चुक्ता पूँजी रु.२ अर्ब १ करोड पुग्ने छ ।

रु. पाँच अर्ब अधिकृत पूँजी रहेको यस कम्पनीको हाल चुक्ता पूँजी रु. १ अर्ब २५ करोड ६७ लाख २५ हजार रहेको छ । यस कम्पीको जीवन बीमा कोष रु. १३ अर्ब १३ करोड र कूल लगानी रु १२ अर्ब २९ करोड ९६ लाख रहेको छ । कम्पनीले आफ्नो २८ वटा शाखा र ७१ वटा उपशाखामार्फत् देशैभर जीवन बीमा सेवा प्रदान गर्दै आएको छ ।

मितिः २०७५/०५/०१

भवदीय,

(राजेश कुमार श्रेष्ठ)
प्रमुख कार्यकारी अधिकृत

एशियन लाईफ इन्स्योरेन्स कं. लि.
एशियन लाईफ भवन, मैतिदेवी, काठमाडौं, नेपाल फोन : ४४३०२७०, ४४१०११५, फ्याक्स नं. ४४४२१३८, पो.ब.नं. २५९४३
ईमेलः asianlife@asianlife.com.np, वेभसाइटः www.asianlife.com.np